CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७७

०४।८।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ सँग सम्बन्धित सरकारले गरेका केही नयाँ निर्णयहरु

१. नेपालको अन्तरराष्ट्रिय सिमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश बिन्दुहरूमा २०७७ मंसिर ३० गते मध्यरात सम्मका लागि यात्रु आवागमन स्थगित गर्ने ।

२. प्रत्येक वडा कार्यालयले डेडिकेटेड टिम गठन गरी होम आईसोलेशनमा बसेका व्यक्तिहरूलाई स्वास्थ्य परामर्श, स्वास्थ्य अवस्थाको निगरानी तथा उपचार गर्ने, मापदण्डको पालना गरे/नगरेको अनुगमन गर्ने ।

३. स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी खेलकुद गतिविधी सञ्चालन गर्न अनुमती दिने। *(आगामी ओलम्पिक खेलकुदमा सहभागिताका लागि खेलको प्रशिक्षण, फुटबल, क्रिकेट लगायतका खेलहरुको अन्तरराष्ट्रिय स्तरमा सहभागिता जनाउन, मैत्रिपूर्ण खेलहरु आयोजना गर्न, फुटबल डिभिजन खेल सञ्चालन तयारी गर्न र अन्य खेलहरु सञ्चालन गर्न)*

४. प्रदेशगत रुपमा आवश्यकता अनुसार अस्पतालहरूमा अक्सिजन प्लान्टहरु स्थापना गर्ने

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-kartik-24-2077

## नेपाल अपडेट



धनगढीमा उप-महानगरपालिकाले ५० प्रतिशत छुट दिने भनेपछी च्याउको बीउ खरिद गर्नेको भिड

तस्विर: गंगा भण्डारी

### परिक्षण


पिसिआर परिक्षण: १६,३३,५५९

पोजेटिभ: २,१५,०२०

उपचाररत: २८,१०६

मृत्यु : १२७६

सन्चो भएका : १,८५,६३८




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सरकारले बेरोजगारलाई रोजगार दिने कुरो धेरै आईरहेको छ । वास्तवमा ज्याला चाही कती दिन्छ ?

बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारी दिलाउन बेरोजगार व्यक्तिको संख्या प्रविष्टिको आधारमा ५६९ स्थानीय तहमा रु. ३ अर्ब सशर्त अनुदान पठाईएको छ । यस कार्यक्रम अन्तरगत १०० दिनको रोजगारीमा सहभागि हुने व्यक्तिले नेपाल सरकारले तोकेको दैनिक न्युनतम पारिश्रमिक दर रु. ५१७ बमोजिम ज्याला पाउनेछन् ।


स्रोत: https://moless.gov.np/?p=3704 https://cutt.ly/Ng4YOQc



सरकारले विद्यालय खोल्नु भनेर निर्देशन दियो रे । के अब सबै विद्यालय खुल्छन् त ?

कोभिड - १९ को जोखिम नभएका र जोखिम कम हुदै जाने स्थानीय तहमा उयुक्त विकल्प छनौट गरी विद्यालयमा पठन पाठन सञ्चालन गर्न गराउन पाउने भनिएको छ । सो को लागि विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ पनि सरकारले स्वीकृत गरेको छ । तसर्थ, सरकारले नेपाल भरीका सबै विद्यालय अहिले नै सञ्चालन गर्नु भनेको हैन । यसको लागि सम्बन्धित स्थानीय तह भित्रको संक्रमणको जोखिमको अवस्था हेरी विद्यालय सञ्चालन तथा बन्द गर्ने अधिकार सम्बन्धित स्थानीय तहलाई प्रत्यायोजन गरेको छ ।

स्रोत: https://moe.gov.np/assets/uploads/files/School_Reopening.PDF



छठ पछि काठमाण्डौमा कडा लकडाउन हुन्छ भन्ने समाचार पत्रपत्रिकामा आईरहेकाछन् । के साच्चिकै फेरी लकडाउन हुने हो ?

अहिले उपत्यकामा संक्रमण दर बढेकाले यसलाई नियन्त्रण गर्न लकडाउनको प्रस्ताव काठमाण्डौ उपत्यका मेयर फोरमले अगाडी सारेको हो । सो बैठकमा तीन जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र उद्योग वाणिज्य संघको सहभागिता रहेको थियो । तर, लकडाउन गर्ने विषयमा त्यसको कुनै पनि आधिकारिक निर्णय भएको छैन ।

स्रोत: जनकराज दाहाल, प्रमुख जिल्ला अधिकारी, काठमाण्डौं



फेरी सरकारले विदेशबाट फर्केका व्यक्तिको विवरण संकलन गर्दैछ रे । जहिले पनि विवरण मात्र संकलन गर्ने हो कि काम पनि दिने हो ?

सरकारले रोजगारीको संभाव्यता अध्ययन गर्ने प्रयोजनका लागि कोभिड - १९ को कारणबाट भारत लगायत अन्य मुलुकबाट रोजगारी गुमाएका र अध्ययन गरी फर्किएका शिक्षित तथा दक्ष बेरोजगार र १८ देखी ५९ वर्ष उमेर समुहका बेरोजगार नागरिकहरुको तथ्यांक संकलन गर्न लागेको हो । यसका लागि सबै स्थानीय तहलाई १५ दिन भित्र विवरण पठाउन परिपत्र गरिएको हो ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2185

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,५४,२०८ संक्रमित | १,३८,३३७ संक्रमित | ८५,१८२ संक्रमित | १,३६,४४१ संक्रमित | १,५४,१०१ संक्रमित | १,२१,१२९ संक्रमित | ५०,३९० संक्रमित | २९,६५४ संक्रमित |
| ५,१५० नेपाली संक्रमित | २,१०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २६,५०० नेपाली संक्रमित | ३,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८३ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ६९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## कतारमा मानव अधिकार उलंघन सम्बन्धी उजुरी गर्नुपरे के गर्ने ?

### यूएई

१ मार्च, २०२० भन्दा पहिले भिषा सकिएकाहरूलाई दिईएको आममाफी नोभेम्बर १७ तारिक सम्म दिईएको समय फेरी थपेर ३१ डिसेम्बर, २०२० सम्म बढाईएको छ ।

### कतार

मानव अधिकार उलंघन सम्बनीध कुनै पनि घटनाको जानकारी दिनु परेमा वा उजुरी तथा गुनासो भएमा तल दिईएको ठेगानामा, निम्न कागजातहरुको साथमा सम्पर्क गर्न सक्नुहुन्छ ।

**सम्पर्क ईमेल ठेगाना:**

c@nhrc.org.qa

nepalcommunity.nhrc@gmail.com

**चाहिने कागजपत्र:**

(१) उजुरीकर्ताको निवेदन, परिचयपत्रको प्रतिलिपी, सम्पर्क नम्बर

(२) जस विरुद्ध उजुरी गर्ने हो, उसको सम्पर्क नम्बर वा परिचय खुल्ने वा कुनै पहिचान खुल्ने कागजात

(३) अन्य प्रमाणहरु

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


स्वास्थ्य बीमा
रु. २,१३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# वैदेशिक रोजगारीमा मासिक ८० हजार कमाउने युवालाई अहिले परिवारको दैनिकी चलाउन समस्या

बुटवलका रबिन श्रेष्ठ बिगत ८ महिनादेखि घर मै बसेकाछन् । चैत्र ५ गते उनी नेपाल फर्किएका हुन् । बिगत १८ वर्षदेखि वैदेशिक रोजगारीका क्रममा बिभिन्न मुलुकमा काम गरेका रबिन पछिल्ला दिनमा भने संयुक्त अरव इमिरेट्सको दुबईमा कार्यरत थिए । त्यहाँको एउटा स्टार होटलमा कार्यरत रबिनले खर्च कटाएर मासिक ८० हजार जति बचाउँथे । सन् २००२ मा मलेसियाबाट वैदेशिक रोजगारीको अनुभव लिन सुरु गरेका रबिन कतार देखी इरान सम्म पुगे । पहिलो पटक मलेसिया जाँदा उनको तलब ४ सय रिङगेट थियो । २०४० सालमा जन्मिएका रबिन अध्ययन त्यती राम्रो नभएपछि पढाईलाई बिट मार्दै पैसा कमाएर परिवारमा खुशी ल्याउने मनसायले मलेसिया पुगेका थिए ।

रबिनको परिवारमा बुवाआमा, २ जना भाई, एक बहिनी र श्रीमती छन् । कमाएको पैसा घरखर्चमै सकियो । अहिले बेरोजगार भएर बस्दा उनलाई व्यक्तिगत खर्च चलाउन समेत समस्या भएको छ । २ महिनाको छुट्टिमा आएका रबिनलाई काम गर्ने कम्पनीले अहिले सम्म बोलाएको छैन । कहिले बोलाउला र जाउँला भनेर कुरेको यतिका दिन भईसक्दा कम्पनीले कुनै खबर नगरेपछी उनी निराश हुँदै गएकाछन् । अरु वर्ष चाडपर्ब र नयाँ वर्ष लगाएतका उत्सवमा उनको अतिरिक्त कमाई पनि हुन्थ्यो । यो वर्ष सबै गुम्यो । श्रीमतीले चुरा किन्न पैसा माग्दा समेत दिनलाई छैन भन्दा उनलाई सबै भन्दा धेरै पीडा हुन्छ ।


कम्पनीले बोलाए पनि कोरोना संक्रमण सुरु हुनुभन्दा पहिला जस्तो कमाई हुनेमा रबिनलाई शंका छ । उनले काम गर्ने होटलमा हो । कोरोनाले होटल व्यवसाय संकटमा छ । उनले १८ वर्ष विदेशमा पसिना बगाए । कोरोनाले गर्दा ८ महिना बेरोजगार बनाउँदा उनको आर्थिक अवस्था सबै बिग्रियो । वैदेशिक रोजगारीको भरमा मात्र परिवारको सुखदुख दाउमा राखेका उनी एक प्रतिनिधी पात्र मात्र हुन । देशमै पसिना बगाए पैसा यही कमाउन सकिन्छ भनेर रबिन जस्ता युवालाई कसले बुझाउने । कसले विकल्प दिने ? के सरकारले युवा रोजगारीका नाममा वर्षेनि गर्ने खर्च रबिन जस्ता युवाको लागि हैन र ? के सबै बेरोजगार युवाले रु. ५१७ को दैनिक ज्यालादारी काम मात्र गर्नुपर्ने हो ?



सही सूचना

# नेपालका पहाडी जिल्लामा सकृय संक्रमितको संख्या बढ्दै

## कोभिड - १९ का ५०० भन्दा बढी सकृय संक्रमित भएका जिल्लाहरु





माथिको चार्टमा कोभिड - १९ का ५०० भन्दा बढी सकृय संक्रमित भएका जिल्लाहरुलाई देखाईएको छ । यि ११ ओटा जिल्लामा सकृय संक्रमितको संख्या जम्मा संख्याको करिब ८० प्रतिशत रहेको छ । कुल संख्याको ४३ प्रतिशत सकृय संक्रमित त काठमाण्डौ जिल्लामा मात्र रहेकाछन् । सिमानाका बन्द भएका कारण हामी केही सुरक्षित भए पनि समुदाय स्तरमा संक्रमण फैलिएकोले संक्रमण दर अझै पनि बढिरहेको छ । काठमाण्डौ उपत्यका र विशेष गरेर काठमाण्डौ जिल्ला संक्रमणको केन्द्रबिन्दुको रुपमा अगाडी आएको छ । यसरी हेर्दा संक्रमणको दर अहिले तराईका केही जिल्लालाई छोड्ने हो भने पहाडी जिल्लाहरुमा बढी देखिएको छ ।

स्रोत: HEOC, MoHP, SitRep


DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs


CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219